………………………………………………………………

# कृषक समूहको विधान

## २०.......

आर्थिक वर्षः .....................

# कृषक समूहको विधान

**परिचय**

नेपाल जस्तो विकासन्मुख मुलुकको लागि समूहको अवधारणा अत्यन्त महत्वपूर्ण छ। त्यसमा पनि कृषि विकासको सन्दर्भमा समूहले अझै अहम् भुमिका खेल्दछ। कृषककै कृषकले भरिएको हाम्रो जस्तो देशमा सीमित जनशक्ति र श्रोत साधनबाट कृषकवर्ग बीच यथोचित सेवा पुर्याउन कठिन र बढी खर्चिलो पनि हुने हुदाँ कृषक समूह सेवा प्रदान गर्ने उपयुक्त माध्यम हुन सक्छ।

यस सन्दर्भमा समूह गठन देखि लिएर संचालन र परिपक्व अवस्था नपुगेसम्म अत्यन्त सावधानी लिनुपर्ने हुन्छ। अलिकति समय बढी नै लगाएर समूहले मुर्तरूप पाउनु पर्दछ। स्वतः समूहमात्र दिगो र स्वावलम्बी हुन्छन्। समूह गठन भएपछि समूह भित्र योजना तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्याङ्कनको साथै बैठक संचालन जस्ता कार्यहरू सही अर्थमा संचालन गर्नुपर्छ। समूह भित्रको पारदर्शिता, प्रजातान्त्रिक अध्यास र इमान्दारीताबाट समूह लक्ष्य र सुदृढ बन्ने कुरा निश्चित छ।

**प्रस्तावना**

कृषि जन्य वस्तुको उत्पादन, उत्पादकत्व बढाउन, उत्पादन सामग्री सुलभ बनाउन, उत्पादित सामग्रीको विक्री वितरण, भण्डारण व्यवस्थापन गरी उन्नत बीउ एंव आयवृद्धि, बचत संकलनबाट आत्मनिर्भर हुनको लागि कृषि पैयूँ गाउँपालिकाको सहयोगमा श्री ............................................ कृषक समूह गठन गर्यौं।

**१. प्रारम्भिकः**

**क) संक्षिप्त नाम र प्रारम्भः**

१) यस समूहको नाम “श्री .................................... कृषक समूह-२०७... रहनेछ।

२) यो विधान समूह सम्बन्धित स्थानीय तहको कृषि तथा पशु सेवा शाखामा दर्ता भएपछि तुरून्त लागु हुनेछ।

**ख) परिभाषाः**

विषय र प्रसंगको अर्को अर्थ नलागेमा यो विधानमा

१) **समूह** भन्नाले यस विधानमा उल्लेखित कृषि कार्यद्वारा कृषि उपजको उत्पादन, उत्पादकत्व बढाई आय-आर्जन गर्न इच्छुक कृषकहरूको समूहलाई जनाउनेछ।

२) **सदस्य** भन्नाले कृषक जो .............................. कृषक समूहको उद्देश्य अनुसार उत्पादन र उत्पादकत्व बढाउन विधानको दफा ३ बमोजिम सदस्यता लिएको हुन्छ।

३) **कार्य समिति** भन्नाले यस “विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरूलाई जनाउनेछ।

४) **साधारण सभा** भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउनेछ।

**ग) समूहको छापः**

गोलोघेरा भित्र यस समूहको नाम “श्री .............................. कृषक समूह-२०७....” पढ्न सकिनेछ।

**घ) समूहको कार्यालयः**

यस समूहको कार्यालय पर्वत जिल्ला पैयूँ गाउँपालिका वडा नं. ......... टोल ................. मा रहनेछ।

**ङ) समूहको दर्ताः**

कृषक समूह सम्बन्धित स्थानीय तहको कृषि तथा पशु सेवा शाखामा दर्ता गर्नुपर्नेछ। साथै अनिवार्य रूपमा आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता गरी (PAN) स्थाई लेखा नम्बर लिनु पर्नेछ।

**२. उद्देश्य र कार्य**

**क) उद्देश्यः**

सदस्यहरूको सामाजिक, आर्थिक, कृषिजन्य व्यवसायिक, हितलाई ध्यान राखि देहायमा उल्लेखित समूहको उद्देश्य हुनेछः

**ख)** सदस्यहरूको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने।

**ग)** सदस्यहरूमा स्वालम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावनाशिक गर्ने।

समूहको विधानको दफा २ को उपदफा क बमोजिमका उद्देश्यहरू प्राप्त गर्न सो समूहले देहाय बमोजिमको कार्य गर्नेछ।

१) उन्नत प्रविधिबाट खेति गरी उत्पादन एवम् उत्पादकत्व बढाउने।

२) विज वृद्धि गरी आत्मनिर्भर हुने।

३) उन्नत प्रविधि आपनाउने।

४) कृषि उत्पादनबाट आय वृद्धि गर्ने।

५) समूहबाट बजार व्यवस्थापन गर्ने।

६) कृषकद्वारा उत्पादित बस्तुको मूल्यमा एक रूपता ल्याउने।

७) भण्डारणको व्यवस्था मिलाउने।

८) सदस्यको सीपमा वृद्धि गर्नका लागि अन्य कार्यक्रमहरू तर्जुमा गरी संचालित गर्ने।

९) सदस्यको आर्थिक अवस्था सुधार गर्न सक्ने, किसिमका अन्य क्रियाकलापहरू संचालन गर्ने।

१०) सदस्यहरू बीच स्वालम्बन, पारस्परिक सहयोग एवमा मितव्ययिता अभिवृद्धि गरी नियमित बचत गर्ने बानी प्रवर्धन गर्ने।

११) समूह सदस्यहरूमा उत्पादनसिल आयमूलक एवम् सीप मुलक उद्देश्यका लागि सदस्यहरूलाई सस्तो व्याजदरमा ऋण प्रवाह गर्ने।

१२) आफ्नो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय क्षेत्र राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग सहयोगात्मक भावना राख्ने।

१३) कृषिसँग संम्बन्धित कृषि संजाल अन्य कृषक समूह, सहकारी, वित्तीय संघ संस्थासँग सम्पर्क कायम गरी जानकारी एवम् सूचना आदान प्रदान गर्ने।

१४) यस क्षेत्र/भेगको कृषकहरूद्वारा उठाइएको समस्याहरू संम्बन्धि निकायलाई उपलब्ध गराई समाधान निकाल्ने प्रयास गर्ने।

१५) उन्नत बीउ, रासायनिक तथा प्राङ्गारिक मल, सुधारिएको औजार, रोग कीरा नियन्त्रण समाग्री आदि विक्री वितरण गर्ने।

१६) सिँचाई सुविधा उपलब्ध गराउने।

१७) खेति विकास योजना तयार गर्न एवम् पकेट प्याकेज कार्यक्रमलाई सहयोग पुर्याउने।

१८) सघन कृषि विकास कार्यक्रमलाई सहयोग पुर्याउने।

१९) नगदे बाली उत्पादन, भण्डारण, प्रशोधन तथा विक्री वितरण व्यवस्था गर्ने।

२०) उन्नत भुरा उत्पादन तथा विक्री वितरण गर्ने।

२१) माछा उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने।

२२) उत्पादित माछाहरूको विक्रि वितरणको लागि बजार व्यास्था गर्ने।

२३) मत्स्य पालन सम्बन्धि प्राविधिक सेवा पुर्याउन सहयोग गर्ने।

२४) कृषि तथा पशुपन्छी जन्य उपज उचित मूल्यममा खरिद विक्री तथा ढुवानी गर्ने।

२५) कृषि उपज भण्डारण गर्न गोदामको सुविधा उपलब्ध गराउने।

२६) कृषि उपज प्रशोधन गर्ने।

२७) प्रशोधन गरिएको वस्तु उचित मूल्यमा विक्री गर्ने।

२८) श्रोत/हितकोष संकलन गर्ने।

२९) संकलित बचत/हितकोषको प्रभावकारी परिचालन गर्ने।

३०) समूह वा सदस्यलाई आवश्यक ऋण उपलब्ध गराउने।

३१) माथि उल्लेखित उद्देश्यहरू पुर्ति गर्न अन्य कार्यहरू गर्ने।

**३. सदस्यताः**

एकै उद्देश्य एवम् समान आर्थिक अवस्था भएको एवं यस समूहको विधानको परिधि भित्र रहने इच्छा व्यक्त गरेको व्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिनेछ। तर सदस्य हुन चाहाने व्यक्तिले कम्तिमा समूहका सदस्यहरूको लिखित निवेदन साथ अनुसूची-४ बमोजिम दरखास्त दिनुपर्नेछ।

**क) सदस्यको लागि योग्यताः**

१) आफै खेतीपाती गरेको/गर्न सक्षम भएको।

२) समूहको उद्देश्य अनुरूप कार्य गर्न इच्छुक भएको।

३) समूहको विधान अनुसार कार्य गर्न मन्जुरी भएको।

४) कृषक-कृषक बीच आपसी सहयोग बढाउन इच्छुक भएको।

५) सदस्यताको लागि १८ वर्ष उमेर पुगेको वा नेपाली नागरिकता प्रमाण पत्र भएको व्यक्ति हुनुपर्नेछ।

**ख) साधारण सदस्यः**

सदस्यता शुल्क रु. ............ तिरी साधारण सदस्यताको निवेदन दिई कार्य समिति निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछ। यस्तो सदस्यमा मासिक बचत रु.......... प्रत्येक महिना जम्मा गर्नुपर्नेछ। समूह गठन भईसकेपछि कुनै नि योग्यता पुगेको व्यक्तिले समूहको सदस्यता लिन चाहेमा

समूहमा आवद्ध प्रति सदस्य बराबर उक्त मिति सम्म संचित हितकोष र सोको व्याज साथै नियमानुसारका अन्य शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछ।

**ग) सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)**

कार्य समितिले निम्न अवस्थामा सदस्यहरूलाई सदस्यताको लागि अयोग्य  सदस्यता समाप्त गर्न सक्नेछ।

१) तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकमहरू ३ महिना सम्म नतिरेमा।

२) विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निस्काशित गरेमा।

३) सदस्यबाट राजीनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन कार्य समितिले सदर सिफारिस गरेमा।

४) अपराधिक कार्यमा संलग्न भएको दोषी प्रमाणित भएमा।

५) कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा।

६) मृत्यू भएमा।

७) समूहको सिद्धान्त वा नियममा वा प्रतिष्ठामा आच आउने कार्य गरेमा।

८) ..........................................................................................................

९) ..........................................................................................................

**४. साधारण सभा तथा कार्य समिति**

**क) साधारण सभाः**

यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुनेछ जुन समूहको उच्चतम निकाय हुनेछ। यसले विधान पारित एवं संशोधन गर्न सक्नेछ। साधारण सभा बर्षमा एक पटक बस्ने छ तर आवश्यकता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउनेछ।

**ख) साधरण सभाको अधिवेशनः**

साधारण सभाले तोकेको मिति  समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचना द्वारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान, समय, मिति तथा ऐजेण्डाको जानकारी गराउनु पर्नेछ।

**ग) साधारण सभाको काम कर्तव्य र अधिकारः**

१) कार्य समितिको निर्वाचन तथा गठन गर्ने।

२) विधान संशोधन गर्ने।

३) वार्षिक बजेटको अनुमोदन गर्ने।

४) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने।

५) समूहको बार्षिक कार्ययोजना बनाउने।

६) समूहले कार्य योजाना बनाउदा कम्तिमा ६० प्रतिशत कृषि कार्यक्रम बनाउने।

७) ..................................................................................

**घ) साधारण सभाको गणपुरक संख्याः**

समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरूको उपस्थितिमा हुनुपर्नेछ। यदि सो नभए फेरी ३ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ। यसमा कुल साधारण सदस्यको २५ प्रतिशत उपस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ।

**ङ) कार्य समिति गठन विधिः**

१) कार्य समिति ९ सदस्यिय हुनेछ।

२) कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरू हुनेछन्। आवश्यकता अनुसार उपाध्यक्ष तथा सह-सचिवको पनि व्यवस्था गर्न सकिनेछ।

३) कार्य समितिका पदाधिकारीहरूको बैठक हरेक महिनाको .......... गते/दिन हुनेछ। तर आवश्यकता भए जुनसुकै बेलामा पनि बस्न सक्नेछ।

४) कार्य समितिका पदाधिकारीहरूको कार्य अवधि दुई बर्षको हुनेछ।

५) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्यबाट कसैलाई पनि कार्य समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सक्नेछ।

६) कार्य समितिको कोरम २/३ लाई मानिनेछ तथा निर्णय बहुमत द्वारा हुनेछ।

७) साधारण सभाका सदस्यहरूले आफु मध्यबाट निर्वाचन प्रकृया द्वारा अध्यक्ष, सचिव, कोषाध्यक्ष, अन्य पदाधिकारीहरूको चयन गरी कार्य समिति गठन गर्नेछ। तर अध्यक्ष, सचिव कोषाध्यक्ष मध्ये एक पदमा महिला सदस्य अनिवार्य हुनुपर्दछ।

**च) कार्य समितिको काम कर्तव्य र अधिकारः**

१) विधाको परिधि भित्र रही, समूहको उद्देश्य अनुरूप साधारण सभाले गरेको नीति निर्देशनलाई पालना गर्ने।

२) समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको कृयाकलापहरू संचालन गर्ने।

३) सहकारी संस्था तथा गैर-सहकारी संस्थाहरूसँग सम्पर्क गर्ने, कृषिसँग सम्बन्धित अन्य संघ संस्थाहरूसँग समन्वय गरी बढी भन्दा बढी सहयोग प्राप्त गर्ने।

४) सहकारीमा जाने प्रयास गर्ने।

५) समूहको कार्ययोजना बनाई लागु गर्ने।

६) समूहको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने।

**छ) समूहको बैठकः**

समूहको नियमित बैठक प्रत्येक महिनाको ............ गते बस्नेछ। समूह बैठकहरू कार्य समितिले निधो गरेको ठाउँ मिति र समयमा नियमित रूपमा बस्नेछ। तर पुर्व निर्धारीत बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सोको जानकारी कारण सहित पहिले नै दिनुपर्नेछ। विशेष परिस्थिति बाहेक लगातार ३ बैठकहरूमा उपस्थित नहुने सदस्यलाई समूहको सहमतिको आधारमा समूहबाट निस्काशन गरिनेछ।

## ५. पदाधिकारीको काम, कर्तव्य र अधिकारः

### क) अध्यक्षको काम कर्तव्य र अधिकार

- आवश्यकता अनुसार समूहको बैठक र साधारण सभा बोलाउने।

- बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने।
- समूहलाई क्रियाशिल गराउने र उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने।
- कुनै विषयमा मतदान हुँदा मत बरावर भएमा निर्णायक मत दिने।
- विधानमा तोकिए अनुसार साधारण सदस्यले माग गरे अनुरुप विशेष साधारण सभा बोलाउने।
- समूहले तोकेको काम कारबाही गर्ने।
- समूहमा उठेका विवादहरू समाधान गर्ने।
- समूह र स्थानीय तहको सम्बन्धित निकायहरूसँग सम्पर्क व्यक्तिको रूपमा काम गर्ने।
- समूहको निर्णय, कार्यक्रम र क्रियाकलाप, भएका कारबाहीहरू एवं समस्याहरूको अभिलेख राख्न सचिवलाई सहजीकरण गर्ने।
- वार्षिक कार्य योजनाको कार्यान्वयन एवं समूह परिचालनको नेतृत्व लिने।
- समूह बैठकमा भएका निर्णय, बार्षिक साधारण समितिको निर्णय, बार्षिक प्रगति प्रतिवेदन लगायतका कागजातहरू आवश्यकता अनुसार सम्बन्धि निकायमा पेश गर्ने।
- समूह सदस्यहरूलाई आफ्ना समस्याहरूको पहिचान र तिनको प्राथमिकता तोक्न सघाउनु र साथै उक्त समस्याहरू समाधान गर्न कार्यक्रम बनाउन र कार्यान्वयन गर्न लगाउने।
- सदस्यहरूलाई कृयाशील गराई समन्वय र सहकार्य गर्ने।
- समूह सदस्यहरू बीच मतभेद व्यवस्थापनका लागि सहजीकरण गर्ने।

**ख) उपाध्यक्षको काम कर्तव्य र अधिकारः**

- अध्यक्षको कार्यमा सहयोग गर्ने।
- अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सबै कार्य गर्ने।
- कार्य समितिले तोकेको कार्य गर्ने।

**ग) सचिवको काम कर्तव्य र अधिकारः**

- अध्यक्षसँगको परामर्शमा बैठक बोलाउने।
- बैठकको तयारी गर्ने।
- समूहको निर्णय पुस्तिका तयार गर्ने।
- समूहको सम्पुर्ण कागजातहरू सुरक्षित राख्ने।
- समूह बैठक एवं साधारण सभाबाट पारित निर्णयको कार्यान्वयनका लागि पहल गर्ने।
- वार्षिक प्रतिवेदन तयार पारी साधारण सभामा पेश गर्ने।
- समूहको कार्ययोजना निमार्णमा सहयोग गर्ने।
- कार्य समितिले तोकेको कार्य गर्ने।

**घ) कोषाध्यक्षको काम कर्तव्य र अधिकारः**

- समूहको हितकोष रकम नियमिति उठाउने र फरफारक गर्ने।
- समूहको हितकोष व्यवस्थापन गर्ने।
- समूहको सबै कोषको हिसाब किताब सुरक्षित र दुरुस्त राख्ने।
- समूहको चल, अचल सम्पूर्ण सम्पतिको सुरक्षाको जिम्मेवारी लिने।

- समूहको बार्षिक बजेट तयार पार्ने र साधार सभामा बार्षिक प्रतिवेदन पेश गर्ने एवं लेखापरिक्षण गराउने।
- समूह अध्यक्ष वा सचिवसँग मिली खाता संचालन गर्ने।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने।

**ङ) कार्य समिति सदस्यहरूको काम कर्तव्य र अधिकारः**

- आवश्यकता अनुसार समूहका अन्य उपसमितिमा रही जिम्मेवारी बहन गर्ने।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने।

## ६. आर्थिक व्यवस्था

**क) आर्थिक श्रोत:**

१. यस समुहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क
२. समुहको अन्य क्रियाकलापबाट भएको आम्दानी
३. समूहको सदस्यले बचत गर्ने मासिक रकम
४. समुहबाट ऋण लगानी गर्दा प्राप्त ब्याज
५. समुहले अन्य संघ-संस्थाबाट पाएको अवसरबाट समुह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट .................. प्रतिशत लेबी
६. समुह सदस्यले आफ्नो नामबाट गरेको बचत
७. बिलम्ब शुल्कबाट
८. ................................................................................................................

**ख) हितकोष:**

१. श्री....................................................... कषक समुहको एक हितकोष हुने छ ।

२. श्री....................................................... बैंकमा समुहको खाता रहन् छ ।

**ग) हितकोष परिचालन :**

१. हितकोष रकमको कम्तिमा ५० प्रतिशत कृषि कार्यमा संचालन गर्नु पर्नेछ ।
२. समुह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/सापटी लिन सक्ने छन् ।
३. सदस्यले ऋण माग गर्न अनुसुची-५ अनुसार निवेदन दिनुपर्ने छ ।
४. कृषि कार्यको लागी लिईएको ऋण............. प्रतिशत मासिक ब्याज लाग्ने छ ।
५. अन्य ऋणमा........ प्रतिशत ब्याज लाग्ने छ ।
६. मासिक ब्याज, मासिक बचत रकम एवंम ऋणी सदस्यले तोकीएको बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनुपर्नेछ ।
७. ऋण लिदा ऋण रकमका........ प्रतिशत सेवा शुल्क बुझाउनु पर्नेछ ।
८. ................................ बैंकमा समुह अगुवा
९. /अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

**श्रोत र हितकोष परिचालनका उपायहरुलाई मुख्यतया दुई वर्ग (आवश्यक खर्च र आन्तरिक लगानी) मा विभाजन गर्न सकिन्छ ।**

१. **आवश्यक खर्च:** आवश्यक खर्च भन्नाले कार्यालय र प्रशासनिक खर्च भन्ने जनाउँदछ।

- कार्यालय खर्च (कापी, कलम, बिल, भौचर, फाईल, रजिष्टर खाता, पत्रपत्रिका)
- फर्निचर खर्च
- ढुवानी तथा घर भाडा
- अन्य संघसस्था संग सदस्यता लिदा तिर्नुपर्ने खर्च र बार्षिक नविकरण खर्च
- लेखापरिक्षण खर्च
- कर्मचारी पारीश्रमिक
- साधरण सभा खर्च
- विविध (समुहको बैठकमा चिया नास्ता आदि )

२. **आन्तरिक लगानी :** आन्तरिक लगानी भन्नाले समुह भित्रको सदस्य बीचको लगानी भन्ने जनाउदछ **जस्तै:**

- उत्पादन मुलक कार्य (उत्पादन तथा उत्पादन सामाग्री खरिद बिक्री)
- मल, बिउ, बाली संरक्षण, तरकारी बोटबिरुवा किन्न र प्रयोग गर्न
- आयमुलक कार्य गर्न (बाख्रा, बगुरपालन आदि)
- घरेलु आयमुलक कार्य गर्ने
- सामाजिक कार्य जस्तै सफाई अभियान, पहिरो नियन्त्रण, वृक्षारोपण, कुलो निर्माण, स्वास्थ्य, वातावरण संरक्षण आदि
- सिप विकास कार्य
- बौद्धिक कार्यहरु
- सामाजिक कार्यहरु
- पुर्जीं लगानी, कर्जा प्रवाह, शेयर खरिद ।

**घ) बिलम्ब शुल्क**

- मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु ......... बिलम्ब शुल्क लाग्ने छ ।
- दोस्रो महिना प्रति दिन रु.................
- तेस्रो महिना प्रति दिन रु ................
- चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।
- प्रत्येक महिना बुझाउनु पर्ने ऋण किस्ता र ब्याज नबुझाएमा प्रति महिना रु......... प्रति दिन दोस्रो महिना रु....... प्रति दिन र तेस्रो दिन रु ...... प्रति दिन बिलम्ब शुल्क लाग्ने छ ।
- एक सदस्य जमानी बसेको सदस्यले अरुको पुन जमानी बस्न पाउने छैन ।
- ऋण लिएको सदस्यले अरु सदस्यको जमानी बस्न पाउने छैन ।
- ऋण लिनको लागी.......... सम्म एक सदस्यको जमानी रु ......... सम्म दुई सदस्य र रु.......... सम्म तिन सदस्यको जमानी चाहिनेछ ।

**ङ) लगानीको सुरक्षण**

कुनै पनि व्यक्तीले आफ्नो जम्मा भएको हितकोषको अधिकतम ९० प्रतिशत सम्म ऋण लिन पाउने छ । यदि व्यक्तिको नाममा संकलित हितकोषको ९० % भन्दा बढि ऋण लिनु पर्ने भएमा सोही समुहका अन्य २ जना सदस्यको सामुहिक जमानीमा ऋण दिन सकिने छ ।ऋण लिने व्यक्तिले तिर्नुपर्ने सावा र ब्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेको खण्डमा जमानी बसेका सदस्य मार्फत असुल उपर गरिनेछ। यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचलित नियमानुसार कारबाही प्रक्रिया अगाडी बढाईनेछ ।ऋण लगानी एवं असुलउपर गर्न ऋण उप-समितिको स्विकृत लिनुपर्ने छ । ऋण उप-समितिका सदस्यहरु कसैको पनि जमानी बस्न पाईने छ ।

**च) लेखापरिक्षण :**

प्रत्येक कृषक समुहले रजिष्टर्ड लेखापरिक्षण अनिवार्य रुपमा गराउनु पर्दछ ।यसरी गरिएका लेखा परिक्षणहरु बार्षिक साधारणसभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नुपर्दछ। मुनाफा सम्पूर्ण सदस्यलाई प्रत्येक बर्षको लेखापरिक्षण पछि निजहरुको हिसाब खातामा जम्मा गर्नुपर्दछ ।

## ७. विविध:

**क) निर्वाचन सम्बन्धि व्यवस्था:**

यस समुहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।सो निर्वाचन अधिकृतले नियुक्ति भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नुपर्छ।सो निर्वाचन पर्ने खर्च कार्य समितिले व्यवस्था गर्ने छ ।यसमा कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्धारा साधारण सभाको सदस्य छान्ने छन् ।

**ख) पदावधि:**

१. कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षको हुनेछ।
२. सो गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ।
३. कार्य समितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन १ मिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्यअवधि समाप्त भएपछि सो कार्य समितिको सदस्यहरुको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति खडा गरि सो तदर्थ समितिद्वारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समितिको गठन गर्नेछ।
४. कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पुर्ण सदस्यको सभा बोलाइ अथवा कार्यालय सचिव भए सो लाई बुझाइ सो को भरपाइ लिनु पर्नेछ ।सो नगरेमा यस समुहलाई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा व्यहोर्नु पर्ने छ।

**ग) उम्मेदवारको अयोग्यता**

१. (व्यक्ति) जो कृषि पेशामा संलग्न छैन्।
२. (व्यक्ति) जो कृषिको समूहमा छैन।

३. (व्यक्ति) जसले समुहको उद्देश्य विपरित कार्य गर्दछ।

४. (व्यक्ति) जसको मानसिक अवस्था सामान्य छैन।

५. फौजदारी अभियोगमा संजाय पाएको व्यक्ति।

**घ) अविश्वासको प्रस्ताव:**

साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्य समिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुने छ। तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन।

**ङ) राजीनामाः**

यस समुहको अध्यक्षले उपाध्यक्ष भए समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिन सक्नेछन।कार्य समितिको बैठकबाट स्वीकृत नभएसम्म तिनीहरु आफ्ना पदमा बहाली रहि रहनेछ।

**च) विधान संसोधनः**

समुहको विधान संसोधन गर्न आवश्यकता पर्न आएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा विधान मस्यौदा पेश गरिने छ।

सदस्यहरु मध्येका उपस्थिति सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संसोधन मस्यौदा पारित भएमा विधान संसोधन गरिनेछ।साथै संसोधित विधान स्थानिय निकायको कृषि हेर्ने इकाई /शाखाबाट अनुमोदित नभएसम्म संसोधन भएको मानिने छैन।

**छ) नियम बनाउनेः**

साधारण सभाले आन्तरिक संचालन नियमहरु बनाउन सक्नेछ।

**ज) उप समितिहरु गठन गर्न सक्नेछः**

साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्वीकृति लिई आफ्ना कार्यक्रमहरु संचालन गरि समूहको लक्ष्य र उद्देश्य प्राप्त गर्न उपसमितिहरु बनाउन सक्नेछन्।

**झ) विघटनः**

समूहको विधान बमोजिम कार्य संचालन गर्न नसकि वा उद्देश्य प्राप्त गर्न असफल भए वा दुई वर्ष सम्म समूह नविकरण नभएमा समूह विघटन हुनेछ। यसरी समूह विघटन भए वचत रकम सम्पूर्ण सदस्यहरुलाई फिर्ता गर्नुपर्नेछ।

**ञ) समूह छोड्नुपर्ने अवस्था/सदस्यको मूल्य/सदस्यले पाएको अवसरः**

कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा संकलन भएको हितकोष रकमबाट ५% कट्टा गरी बाँकी रकम भुक्तानी दिईनेछ। यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम निजको सबभन्दा नजिकको आफन्नतलाई समूहले दिने व्याज सहित फिर्ता दिइनेछ। समूहले कुनै पनि संघ/संस्था/कार्यालयबाट पाएको कुनै पनि अवसर समाग्रीहरु आवश्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालो पालो गरि सबै सदस्यले पाउने गरि वितरण गरिनेछ।

**ट) समूहको चल अचल सम्पतिः**

समूह विघटन भए पश्चात समूहको चल अचल सम्पति स्थानिय तहको आर्थिक विकास शाखा/कृषि तथा पशुसेवा शाखा/ कृषि तथा पशुसेवा हेर्ने इकाई/ शाखाको निर्णय बमोजिम हुनेछ। उक्त निर्णय चित्त नबुझेको खण्डमा पैयूँ गाउँपालिकाको न्यायिक समिति समक्ष निवेदन गर्न सकिनेछ र सो सन्दर्भमा न्यायिक समितिको निर्णयनै अन्तिम मानिनेछ।

## अनुसूची-४

**श्रीमान् अध्यक्ष ज्यू,**

**............................... कृषक समूह**

**पैयूँ गाउँपालिका वडा नं........, ..........., पर्वत।**

महोदय,

म यस समूहको विदानलाई स्वीकार गरी समूहको सदस्यता प्राप्त गर्न इच्छा भएकोले नियमानुसार सदस्यता प्रदान गर्नहुन विनम्र अनुरोध गर्दछु।

**विवरण**

नामः-

बाबुको नामथरः-

ठेगानाः-

शैक्षिक योग्यताः-

कृषि पेशामा दखलः-

खेति/जग्गाको विवरणः-

लगाउने गरेको बाली/पशु संख्याः-

समूहको सदस्यताको सिफारिसः-

१) नामथरः-
दस्तखतः-

२) नामथरः-
दस्तखतः-

निवेदक

दस्तखतः-

नामथरः-

सम्पर्क नं.

**अनुसूची-५**

**ऋण माग फारामको नमुना**

मितिः

**श्रीमान् अध्यक्ष ज्यू,**
**................................ कृषक समूह**
**पैयूँ गाउँपालिका वडा नं........, ............, पर्वत।**

**विषयः ऋण उपलब्ध गराई दिने बारे।**

महोदय,

उपरोक्त सम्बन्धमा मलाई ........................................................................ कामको लागि आवश्यकता परेकोले रु. .......................... (अक्षरेपी ...................................... मात्र) समूह हितकोषबाट ऋण उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु। साथै यसै निवेदनको साथ जमानी सदस्यहरूको सिफारिस पेश गरेको छु। नियमानुसार रु. ............................ (अक्षरेपी ................................. मात्र) ऋण किस्ता, मासिक ब्याज, मासिक बचत नियमत रूपले प्रत्येक महिना बुझाउने छु।

| **जमानी सदस्यहरू निवेदक** | **निवेदक** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामथरः | नामथरः |
| ठेगानाः | |

दस्तखतः

नामथरः

ठेगानाः

दस्तखतः

नामथरः

ठेगानाः

कार्यालय प्रयोजनको लागि

ऋण रु. ....................... (अक्षरेपी रु. ................................ मात्र) मासिक किस्ता रु. .............. (अक्षरेपी रु. ....................................... मात्र) उपलब्ध भएको मितिः

उपलब्ध भएको चेक नं.

कोषाध्यक्ष सचिव अध्यक्ष

अनुसूची-६

# तपसुकको नमुना

लिखितम जिल्ला ....................... गा.पा./न.पा. ............ वडा नं. ......... टोल ............... बस्ने श्री .................................. छोरा/छोरी/पत्नी बर्ष ............. को ............................. श्री ....................... कृषक समूहको विधानबाट निर्धारण गरिएको ब्याज दर अन्य शर्त नियमका अधिनमा रही घर खर्च मल/बीउ/कृषि आयोजना ............................. कार्य गर्नका निमित्त सापटी (ऋण) नगद रु. ...................... (अक्षरेपी ................................ मात्र) यस समूहको ................................ बैक, शाखा कार्यालय .......................... स्थित रहेको बचत खाता ........................................... चेक नं. ..................................... बाट बुझिलिई भाखा राखी तपशित लेखिएको व्यक्ति (साक्षी) को रोहोबरमा यस समूहको कार्यालयबाट बुझिलिई ठिक साचो हो। माथि कबुलियत गरिएको भाखा भित्र सावा ब्याज तिर्न बुझाउन सकिन भने मेरो चल अचल सम्पत्तिबाट नेपालको प्रचलित ऐन कानून बमोजिम असुल उपर गरिलिएमा मेरो मञ्जुरी छ। तपसिल साक्षी किनारा सदर।

तपसिलः

जिल्ला .................... गा.पा./न.पा. ................. वडा नं. .................... टोल ....................... बस्ने श्री ........................ वर्षको ..............

जिल्ला .................... गा.पा./न.पा. ................. वडा नं. ..... टोल ....................... बस्ने श्री ........................ वर्षको .............

इति सम्वत् २०७..... साल ................ महिना ........ गते ........ रोज शिभम्।

अनुसूची-७

# समूह सदस्यको विवरण फारम

समूहमा सदस्य रहेका सबै सदस्यहरूको विवरण सम्बन्धित सदस्यलाई नै सोधेर लेख्नु पर्दछ। विवरण हेरफेर भएपछी पूर्नः तयार गरी नियमित रुपले सच्याउनुपर्दछ।

समूहको नामः ............................................................

ठेगानाः जिल्ला ........................ गा.पा./न.पा. .................. वडा नं. ............. टोल .............................

| क्र.सं. | सदस्यको नाम | ठेगाना | | | उमेर | शिक्षा | जमिनको क्षेत्रफल | परिवार संख्या | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गा.पा./न.पा. | वडा नं. | टोल | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची-८

# मासिक हितकोष संकलन फारम

समूहको नामः

सालः

| क्र. सं. | नामथर | मासिक जम्मा रकम रु. | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बैशाख | जेष्ठ | आषाण | श्रावण | भाद्र | आश्विन | कार्त्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसूची-९

# समूहको लगानी विवरण

**समूहको नामः**

| क्र.सं. | लिने व्यक्तिको नाम | ठेगाना | | | उद्देश्य | रकम | लिएको मिति | रकम बुझाउनु पर्ने मिति | लिनेको सही |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गा.पा./न.पा. | वडा नं. | टोल | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची-१०

# समूहको ऋण असुली फाराम

**समूहको नामः**

| क्र.सं. | नामथर | ठेगाना | | | सावा रु. | ब्याज रु. | जम्मा रु. | बुझनेको नाम | बुझेको मिति | रकम भुझलेको सही |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गा.पा./न.पा. | वडा नं. | टोल | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची-११

## सम्पत्ति (नगद तथा जिन्सी) खाता (२०........ साल .................. महिना)

| मिति | विवरण | जम्मा रु. | खर्च रु. | बाँकी रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

## अनुसूची-१२

## सामान बिक्री तथा आम्दानी खाता (२०........ साल .................. महिना)

| मिति | विवरण | आम्दानी रकम | बाँकी रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा | | | |

### अनुसूची-१३

## सामान खरिद तथा खर्च खाता (२०........ साल .................. महिना)

| मिति | विवरण | खर्च रकम | बाँकी रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा | | | |

### अनुसूची-१४

## सम्पत्ति (नगद तथा जिन्सी) खाता (२०........ साल .................. महिना)

| मिति | विवरण | आम्दानी | खर्च रु. | मौज्दात | कैफित |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

## अनुसूची-१५

# कृषक समूहबाट संचालन गरिने वार्षिक कार्यक्रमको लागि नमूना ढाँचा

समूहको नामः

आर्थिक वर्ष

समिति/उपसमितिः

| क्र.सं. | आयोजनाको नाम | बजेटको श्रोत | | | समय | अवधि | स्थान | प्रमुख जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | समूहको हितकोष | कृषकको व्यक्तिगत | बाह्यय श्रोत | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |